# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ पुस ३ गते

# खोपको अभाव समयमै हटाऊ

बालबालिकाहरूलाई लगाइने एमआर तथा बीसीजी खोप देशको विभिन्न भागमा अभाव भएकोबारे केही दिन अघि सञ्चार माध्यमहरूमा आएका समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ।

यस सम्बन्धमा आयोगले गरेको अनुगमनबाट केन्द्रीय तथा क्षेत्रीय स्टोरहरूमा खोप सकिएको र केहीमा भर्खरै आएको जानकारी प्राप्त भएकोले यथाशीघ्र खोप उपलब्ध गराउन तथा खोप लाउनबाट बञ्चित बालबालिकाको स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ।

आगामी दिनमा खोपको प्रभावकारी व्यवस्थापन गरी 'बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९' को धारा २४ (क) र (ख) तथा 'नेपालको अन्तरिम संविधान, २०६३' को धारा २२ (२) समेतले प्रत्याभूत गरेको अधिकारलाई सम्मान गर्न पनि आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ।

......................

मोहना अन्सारी

प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org